म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २०६ शुक्रबार, २० फागुन २०७८ द्वितीया ने. सं. ११४२ सिल्लागा 4 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सूचना ! सूचना !! सूचना !!!**

नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लिले यातायात व्यवसायीहरुको हकहित र दुर्घटना न्युनीकरणको लागि धर्मकाँटा (तौल पुल) व्यवस्थापन गर्ने भएको हुँदा हेटौंडा उपमहानगरपालिका ३ र १९ नं. वडामा मूख्य मोहडा ६० मिटर र पूर्व-पश्चिम राजमार्गसँग जोडिएको कम्तिमा १५ कठ्ठासम्म जग्गा भाडामा आवश्यक परेको हुँदा तपशिलमा उल्लेखित ठेगानामा १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजपत्रसहित व्यक्ति तथा संघसंस्थालाई निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

**नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि.**
हेटौंडा-११, थानाभऱ्याङ
सम्पर्क: ०५७-५२२६७०

## हाइड्रोजन प्रविधिबाट मल उत्पादन गर्न सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ बागमती प्रदेश सरकारले स्थापना गर्ने भनेको रासायनिक मल कारखाना सञ्चालनका लागि काठमाडौं विश्वविद्यालयले चासो देखाएको छ ।

काठमाडौं विश्वविद्यालयको प्राविधिक टोलीले प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयलाई रासायनिक मल उत्पादन हाइड्रोजन प्रविधिबाट गर्दा उपयुक्त हुने सुझाव दिएको छ । बिहीवार मन्त्रालयमा मल कारखाना स्थापना गर्ने सम्बन्धमा भएको प्राविधिक परामर्श तथा छलफलमा विश्वविद्यालयका ग्रिन हाइड्रोजन ल्याबका टोली प्रमुख डा. विराज सिंह थापाले मल कारखाना हाइड्रोजन प्रविधिबाट उत्पादन गर्दा उपयुक्त हुने सुझाव दिएका हुन् । विश्वविद्यालयले डेढ वर्षदेखि नेपालमा पहिलोपटक हरित हाइड्रोजन उत्पादन गर्न अध्ययन अनुसन्धान गरिरहेको हो ।



मल उत्पादनको विषयमा छलफलमा सहभागी काठमाडौं युनिभर्सिटीका टोलीसहित । *तस्वीर: साझाकुरा*

डा. थापाले नेपालमा स्वच्छ पानी र पर्याप्त विद्युत भएकाले हाइड्रोजनबाट मल उत्पादन गर्न सहज भएको बताएका थिए । 'हाइड्रोजन बनाउन पानी र विद्युतको आवश्यक पर्छ । दुवै नेपालमा सहज उपलब्ध छ । विद्युत खेर गइरहेको अवस्थामा हाइड्रोजन निकालेर मल उत्पादन गर्नुपर्छ', उनले भने, 'हाइड्रोजन प्रविधिबाट मल उत्पादन गर्दा खर्च कम पर्छ', हाइड्रोजन उत्पादन खतरायुक्त मानिए पनि विश्वले नै पेट्रोल र डिजेल विस्थापन गरेर हाइड्रोजन उत्पादनमा ध्यान केन्द्रित गरिरहेको उनको भनाइ थियो । विश्वका अन्य मुलुकले पनि हाइड्रोजनबाट मल उत्पादन गरिरहेको थापाले बताए ।

नेपाललाई मल कारखाना सञ्चालन गरे उत्पादनका लागि भारतसँग परिनिर्भर हुनुपर्ने तथ्य विश्वविद्यालयको टोलीले निकालेको छ । हाइड्रोजन उत्पादन नगरे भारतबाट प्राकृतिक ग्यास ल्याएर मल उत्पादन गनुपर्ने थापाले बताए । भारतबाट प्राकृतिक ग्यास ल्याएर मल उत्पादन गर्दा प्रतिकेजी ३१ रुपियाँ पर्न जाने र स्वेदशमै हाइड्रोजनबाट मल उत्पादन गरे १८ देखि २० रुपियाँ प्रतिकेजी मल पर्न जाने थापाको अनुमान छ । हाइड्रोजनबाट उत्पादन गर्न सरकारले प्रतियुनिट ३ रुपियाँमा विद्युत उपलब्ध गराउनु पर्ने प्राविधिक टोलीले जनाएको छ ।

'सरकारले ३ रुपियाँ प्रतियुनिट विद्युत दिए कम खर्चमै हाइड्रोजन उत्पादन गर्न सकिने र मल उत्पादनमा लागत पनि कम लाग्छ', थापाले भने । कोइलाबाट उत्पादन गर्दा मल प्रतिकेजी ४० रुपियाँ पर्न जाने थापा बताउँछन् । उनले पेट्रोलियम पदार्थ विस्थापन गरेर हाइड्रोजनबाट नेपालमा सवारी साधन सञ्चालन गर्नुपर्ने बताए । काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. भोला थापाले नेपालमा हाइड्रोजन प्रविधिबाट मल उत्पादन गर्न सम्भव भएको बताए । पेट्रोलिय पदार्थ उत्पादन गरेर नाफा कमाइरहेको भारतले नेपालमा हाइड्रोजन उत्पादन गर्न नदिने आशंका गर्दै नेपालका राजनीतिक दलले मुलुकको भविष्य हेरे हाइड्रोजन उत्पादनमा जोड दिनुपर्ने बताए ।

कृषि तथा पशुपन्क्षी विकास मन्त्री बसुन्धरा हुमागाईंले किसानले संधै भोग्दै आएको मल अभावको समस्या दीर्घकालीनरुपमै समाधान गर्न सरकार लागिपरेको बताए । प्रदेश सरकारले कुनैपनि हालतमा मल कारखाना सञ्चालन गर्ने अठोट लिए । मल कारखाना नेपालीहरुकै लगानीमा सञ्चालन गर्नुपर्नेमा जोड दिए । सरकार, निजी क्षेत्र, सहकारी र सार्वजनिक लगानीमा मल कारखाना स्थापना गर्नुपर्नेमा मन्त्री हुमागाईंको जोड थियो ।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णराज पन्त, कृषि तथा पशुपन्क्षी मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डे, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीलगायतको उपस्थिति थियो ।

**हार्दिक बधाई तथा शुभकामना**



बुद्ध लामा आनन्द कठायत धर्म लामिछाने



भीमसेन महत ईश्वरकुमार पाठक इन्दिरा न्यौपाने ताराचन्द्र बजगाईं (निशान)

नेपाली काँग्रेस मकवानपुरको १४ औं जिल्ला अधिवेशनबाट जिल्ला सभापतिमा **श्री बुद्ध लामा**, उपसभापतिमा **श्री आनन्द कठायत** र **श्री धर्म लामिछाने**, सचिवमा **श्री भीमसेन महत** र **श्री ईश्वरकुमार पाठक** तथा सहसचिव पदमा **श्री इन्दिरा न्यौपाने** र **श्री ताराचन्द्र बजगाईं (निसान)** बिजयी हुनुभएकोमा हार्दिक बधाई दिंदै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

सम्झौता सापकोटा (प्रोपाईटर) एवम्
**हिमालयन मोटर्स प्रा.लि.,परिवार**
हेटौंडा-२, चौकीटोल मकवानपुर

## मनहरीमा निकुञ्जको गस्ती, पक्राउ पर्ने डरले गाउँमा खैलाबैला

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ पर्सा राष्ट्रिय निकुञ्जले मनहरी गाउँपालिकाको साविक हाँडिखोला गाविसमा पर्ने मसिने र नयाँवस्तीका ९ जनालाई पक्राउ गरेपछि गाउँमा खैलाबैला भएको छ ।

निकुञ्ज क्षेत्रमा पर्ने मसिने-शान्तिमध्यवर्ती सामुदायिक वनमा काठ कटान गरेको आरोपमा वनका तीन जना पदाधिकारीसहित, काठ चिरानका संलग्न कामदार गरी ९ जना हिरासतमा पुगेपछि गाउँमा आतङ्क मच्चिएको हो । यस क्षेत्रमा निकुञ्जले दैनिक गस्ती गरिरहेको छ । निकुञ्जका रेन्जर विष्णुप्रसाद पौडेलका अनुसार एउटै गाउँका १५ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । पक्राउ परेका बाहेक अन्य ६ जनालाई पक्राउ गर्न निकुञ्ज गस्ती गरिरहेको हो । गाउँमा नयाँ मान्छे र गाडी देखेपछि डर र त्रास पैदा भएको स्थानीयहरुले गुनासो गरेका छन् ।

मानव अधिकारको क्षेत्रमा काम गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले आयोजना गरेको सार्वजनिक सुनुवाईमा स्थानीय महिलाहरुले गाउँमा निकुञ्जले आतङ्क मच्चाएको आरोप लगाएका छन् । सार्वजनिक सुनुवाईमा बोल्दै मनहरी-४ नयाँबस्तीकी रामकुमारी चेपाङले निकुञ्जको संरक्षणका लागि खटिएको नेपाली सेनाले गाउँमा आतङ्क मच्चाएको आरोप लगाइन् । 'गाउँमा अरुले नै गल्ती गरेका होलान् । हामी सोझासाझालाई डर भयो । गाउँमा हतियार बोकेर सेनाहरु आउँछन् । हाम्रा बालबच्चा स्कुल पढ्न जान मानेका छैनन्', उनले भनिन् ।

काठ तस्करको आरोपमा गल्ती गर्नेभन्दा निर्दोष व्यक्तिहरु पर्ने डर बढी भएको उनको भनाइ छ । घाँस काट्न जाँदा पनि तस्करी भनेर आर्मीले लखेट्ने गरेको उनको गुनासो छ । मसिनेकी नर्वदा विष्टले गाउँमा नयाँ मान्छे आएको देखेपछि डर लाग्ने गरेको बताइन् । उनको श्रीमान उद्धव बिष्टलाई निकुञ्जले काठ कटानमा संलग्न भएको आरोपमा खोजी गरिरहेको छ । तर, उनले आफ्नो श्रीमान् घटनामा दोषी नभएको बताइन् । उनले काठ तस्करी गरेको आरोपमा आफ्नो श्रीमान्लाई पक्राउ पूर्जी जारी भएको बताइन् । पीडित विष्टले पुरानो घर भत्काउँदा निस्किएको काठलाई आधार बनाएर निकुञ्जले पक्राउ गर्न खोजेको आरोप लगाइन् ।

निकुञ्जले पाँच दिनअघि उद्धव विष्टको नाममा पक्राउ पूर्जी जारी गरेको थियो । उनका श्रीमान् हाल फरार छन् । नयाँबस्तीकी अनुषा थिङले निकुञ्जका कारण बस्न मुस्किल परिरहेको गुनासो गरिन् । थिङले निकुञ्जले निर्दोष व्यक्तिहरुलाई पक्राउ गरेको आरोप लगाएकी छन् । बाढी पीडित भएपछि नयाँबस्तीमा आएर बसेकाहरुलाई निकुञ्जले थप पीडा दिएको थिङको भनाइ छ । निकुञ्जले काठको बारेमा थाहै नपाएका बिजय थिङ र बिक्रम चेपाङलाई पक्राउ गरेको उनको दाबी छ ।

निकुञ्जका सेनाहरुले घर खानतलासी गरेर डर र त्रासमा बस्न बाध्य पारेको स्थानीयहरुको आरोप लगाएका छन् । घटनामा संलग्न अन्य ६ जना व्यक्तिको खोजी निकुञ्जले तीव्र पारेको रेन्जर पौडेलले *साझाकुरा*लाई जानकारी दिए । उनले संलग्नहरुको खोजी गर्ने क्रममा स्थानीयहरुले अफवाह फैलाएको आरोप लगाए । अन्य व्यक्तिहरु काठ तस्करीमा संलग्न भएको र पानीमुनि लुकेर बसेपनि नछोड्ने चेतावनी पौडेलले दिए । 'जनतालाई अनावश्यक दु:ख दिएका छैनौं । निकुञ्ज क्षेत्रमा काठ तस्करी गर्न खोज्नेलाई पक्राउ गरेर कानुनी दायरामा ल्याउन खोजिएको मात्र हो', पौडेलले भने । निकुञ्जका लागि खटिएका सेनाले गाउँमा कुनै असर नपुऱ्याएको पौडेलको दावी छ ।

समुदायिक वनका सचिव शिवप्रसाद विडारी, कोषाध्यक्ष शिशुपाल बस्नेत र सहसचिव बासु पौडेलसहित चार जना उपभोक्तालाई पर्सा राष्ट्रिय निकुञ्ज आधाभार कार्यालय बाराले हिरासतमा राखेको छ । काठ चिरान स्थलबाट पक्राउ परेका कामदारसँगको फोन सम्पर्कका आधारमा घटनामा संलग्न भएको देखिएपछि निकुञ्जले अन्य व्यक्तिलाई पक्राउ पुर्जी जारी गर`को रेन्जर पौडेल बताउँछन् । मनहरी गाउँपालिका उपाध्यक्ष मनिला विष्टले निकुञ्जले केही स्थानीयलाई सोधपुछपछि घर फर्किनुस भनेर आधारभार लगेको तर, १४ दिनसम्म हिरासतमा र ाखेको बताइन् । निकुञ्जले सोधपुछका लागि लगेकाहरु घर नर्फिएपछि स्थानीयहरु आत्तिएको उनको भनाई छ ।

मनहरीको मसिने र नयाँबस्ती क्षेत्रमा स्थानीय र निकुञ्जबीच लामो समयदेखि द्वन्द्व चलिरहेको छ । विशेषगरी काठ र ढुंगा-गिट्टी उत्खननको विषयमा दुई पक्षबीच विवाद हुने गरेको हो । दुई पक्षबीच झडपसमेत हुने गरेको छ ।

## यातायात क्षेत्रको विकृति अन्त्य आवश्यक: मन्त्री दाहाल


हेटौंडा, १९ फागुन/ बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री घनश्याम दाहालले यातायातको क्षेत्रमा सुधार गर्न सबै प्रकारको विकृतिको अन्त्य आवश्यक रहेको बताएका छन् ।

बिहीबार हेटौंडामा भएको सार्वजानिक यातायातको क्षेत्रमा गरिनुपर्ने सुधार विषयक अन्तरक्रियालाई सम्बोधन गर्दै उनले यातायात क्षेत्रमा फैलिएको विकृतिको अन्त्य गरी सो क्षेत्रमा सुधार गर्न आवश्यक रहेको बताएका हुन् । यातायात व्यवसायीहरुको साथबिना कुनै काम गर्न नसक्ने भन्दै उनले यातायात व्यवसायी प्रस्तुत गरेको कार्यपत्रको विषयमा थप छलफल गरेरमात्रै कार्यान्वयनतर्फ आफू जाने बताए । मन्त्रालयले उपत्यकामा सार्वजानिक सवारी साधनमा क्यास लेसको लागि कार्यविधि तयार पारेको उनको भनाइ छ । मन्त्री दाहालले प्रदेशमा रहेका १० वटै यातायात व्यवस्था कार्यालयमा रहेका ढड्डालाई व्यवस्थित गरी डिजिटल प्रणालीमा लैजानेसमेत बताए । २० वर्ष माथिका ट्याक्सी हटाई विद्युतीय ट्याक्सी सञ्चालन गर्न साना चार्जिङ स्टेशन निर्माण गरिने उनले जिकिर गरे ।

कार्यक्रममा पुरानो नारायणी यातायात कम्पनीका प्रवन्धक निर्देशक सरोज कुमार खनालले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्र प्रस्तुत गर्दै उनले सडक दुर्घटनामा राजनीतिकरण हुने, कमजोर बीमा व्यवस्थापन, सडक दुर्घटना र असीमित जोखिम, दुर्घटनाको जटिलता र कानुनको पालना, बीमा र सवारी कानुन, पञ्जीकरणको समस्या र दोहोरो पञ्जीकरणको प्रावधान खारेजको माग गरेका छन् । खनालले सवारी नम्बरमा प्रादेशीकरण, साधनको सरुवा सहमति दर्ता, चालक सहचालक उत्पादनका लागि तालिमकेन्द्र र अनुमतिपत्रको वर्गिकरण, विद्युतीय सवारी साधानको प्रयोग, बसपार्क तथा हाइवे भेहिकल पार्क, तौलपुलको अनिवार्यता हुनपर्ने माग गरे । कार्यक्रममा प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी, राष्ट्रिय यातायात व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष रामप्रसाद सुवेदी, यातायात मन्त्रालयका सचिव नेत्रप्रसाद सुवेदी, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव धनिराम शर्मा, बागमती प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरिक्षक युवराज राउत, प्रदेश ट्राफिक प्रमुख प्रहरी उपरीक्षक सुशीलसिं राठौर, मकवानपुर प्रहरी प्रमुख सुरेन्द्र बहादुर गुरुङ, हेटौंडा उपमहानगर उपमेयर मिना कुमारी लामा, कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, एमाले जिल्ला अध्यक्ष एकालाल श्रेष्ठ, संघ पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाईंलगायत उपस्थित थिए । कार्यक्रम कम्पनीका अध्यक्ष हिरालाल श्रेष्ठको अध्यक्षतामा भएको हो ।

**घडेरी बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहा नगरपालिका
वडा नं. १




सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# क्षतिपूर्ति दिएर सडक विस्तार गर्ने निर्णय स्वागतयोग्य

बागमती प्रदेश सरकारले बुधबारको मन्त्रिपरिषद् बैठकबाट सडक निर्माण तथा विस्तार गर्दा निजी जग्गा, घर तथा टहरा परेमा आवश्यकता अनुसार क्षतिपूर्ति दिएर सडक सञ्जाल विस्तार गर्ने निर्णय गरेको छ । प्रदेशभित्रका सडक विस्तारमा आउने समस्या समाधान गर्दै विकासको कामलाई तीव्रता दिन सरकारले गरेको यो निर्णय स्वागतयोग्य रहेको छ । प्रदेशस्तरको सडकमा देखिएका समस्यालाई मुआब्जा दिएर समाधान खोजिनु आफैंमा राम्रो निर्णय हो ।

सडक संरचना ट्राफिक चाप बढ्दै जाँदा आवश्यकता अनुसार फराकिलो बनाउँदै जानुपर्छ । यो समयको माग हो । प्रदेश स्तरको सडक विस्तारमा प्रदेश सरकारले तदारुकता देखाइरहँदा संघीय सरकारले पनि यस विषयमा ध्यान दिनुपर्ने आवश्यकता छ । प्रदेश सरकारले गरेको निर्णय प्रदेश राजमार्गभित्रका लागिमात्र कार्यान्वयन हुने र राष्ट्रिय राजमार्गलाई नछुने हुँदा अब राष्ट्रिय राजमार्ग फराकिलो बनाउन पनि उचित मुआब्जासहित सडक विस्तारको योजना ल्याउन संघीय सरकारले ढिलो गर्नु हुँदैन ।

राष्ट्रिय राजमार्गअन्तर्गत् पर्ने हेटौंडा बजार खण्ड फराकिलो पार्ने विषयमा लामो समयदेखि स्थानीयबासी र सरकारबीच ठूलो लडाइँ पर्दै आएको छ । सरकार बिनामुआब्जा घर भत्काउन आउने र जनताले रोक्ने काम हुँदै आएको छ । लोककल्याणकारी राज्यको सिद्धान्तलाई चटक्कै बिर्सिएर व्यक्तिको निजी सम्पत्तिमाथि ठाडो हस्तक्षेप गर्नु सरकारको गलत कार्यको सर्वत्र निन्दा हुँदै आएको छ । त्यसैले व्यक्तिको सम्पत्तिमाथिको अधिकारको रक्षा गर्ने दायित्व बोकेको सरकार नै घर भत्काउन जबर्जस्ती आउनु भन्दा पनि उचित मुआब्जा दिएर समयसीमा तोकेर राजमार्ग फराकिलो बनाउने योजनामा लाग्नु पर्दछ ।

बागमती प्रदेश सरकारले सडक फराकिलो बनाउँदा मुआब्जा दिने निर्णय गरिरहँदा संघीय सरकारले पनि राष्ट्रिय राजमार्गको स्तरोन्नति गर्ने काममा मुआब्जा दिने बाटो खोल्न आवश्यक निर्णय गर्न अब ढिलो गर्नु हुन्न । विकासमा जनताले बाधा पुर्‍याउनु हुन्न, जनताको घरजग्गा भएको ठाउँमा मुआब्जा नदिई बाटो फराकिलो गर्न सरकारले जबर्जस्ती गर्नु हुन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ फागुन २१ गते शनिबार ५ मार्च २०२२ । फागुन शुक्ल तृतीया । चिल्लाथ्व तृतीया ११४२ । सूर्योदय ६:२४ र सूर्यास्त ४:०६ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रेममा सफलता | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : शत्रुबाट मुक्त | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : धन नष्ट | **धनु** | : सुख प्राप्ति |
| **कर्कट** | : यात्राको योग | **मकर** | : आफन्तजन भेट |
| **सिंह** | : आलश्यता | **कुम्भ** | : भित्रजन भेट |
| **कन्या** | : शुभ कार्यको थालनी | **मीन** | : मिष्ठान्न भोजन |

# रोजगार, स्वरोजगार र युवा



सम्झना वाग्ले भट्टराई

नेपाली युवाहरुको ठूलो हिस्सा स्वरोजगारका साना तर दिगो विकल्पलाई छोडेर आन्तरिक वा विदेशी श्रमबजारमा श्रम बेच्न प्राथमिकता दिन्छ ।

बेरोजगारी आजको नेपालको एक प्रमुख समस्या हो । श्रमशक्ति सर्वेक्षण २०७५ ले नेपालको कुल बेरोजगारी दर ११.४ प्रतिशत देखाएको छ । देशमा रोजगारीको अभावमा लाखौं युवाहरू कि त बेरोजगार रहन बाध्य छन् भने कि त श्रमका लागि विदेशिन बाध्य । देशमा वर्षेनि पाँच लाख अतिरिक्त जनशक्ति श्रमबजारमा प्रवेश गर्छन् । तर नेपालको आन्तरिक श्रमबजार ज्यादै साँघुरो छ । देशको आन्तरिक श्रम बजारले वार्षिक पचास हजारभन्दा बढी अतिरिक्त जनशक्तिलाई रोजगारी दिन सक्दैन ।

युवाहरूको श्रम, सीप, सिर्जनात्मकताको उपयोग गरेर नै देश समृद्ध बन्न सक्नेमा दुईमत छैन । नेपालको कुल जनसंख्यामा श्रमयोग्य युवाहरूको हिस्सा उच्च छ । विज्ञहरू युवाहरूको यो संख्यालाई जनसांख्यिक लाभको रूपमा परिभाषित गर्ने र यसको सदुपयोग गर्नुपर्ने बताउँछन् । यस्तो जनसांख्यिक लाभांश समुन्नत र समृद्ध नेपालको आधार बन्ने उच्च सम्भावना हुँदाहुँदै पनि युवा जनशक्तिको सिर्जनात्मक उपयोग देशले गर्न सकेको छैन । विभिन्न सीमितताका कारण उत्पादनशील उमेरका युवाहरू अनिश्चित जीवन बाँच्न अभिशप्त छन् । यसले युवाको समग्र विकासमा नकारात्मक प्रभाव पारेको छ । कमनवेल्थ राष्ट्रहरूको संगठनले युवा विकासका विविध आयामहरूलाई समेटेर विश्व युवा विकास सूचकांक प्रकाशन गर्ने गरेको छ ।

युवा विकास सूचकांक गणना गर्दा युवाहरूको स्वास्थ्य तथा कल्याणको अवस्था, शिक्षा, रोजगारी र अवसर, समानता र समावेशिता, राजनीति र नागरिक सहभागिता, शान्ति तथा सुरक्षाजस्ता विषयहरूलाई आधार बनाइएको हुन्छ । यिनै विषयहरूको आधारमा गणना गरिएको विश्व युवा विकास सूचकांक २०२० का अनुसार ०.८७५ स्कोरका साथ सिंगापुर पहिलो स्थानमा छ भने चाड ०.३९८ स्कोरका साथ अन्तिम स्थानमा रहेको छ । यस सूचकांकमा नेपाल भने ०.६८९ स्कोरका साथ ९४ औं स्थानमा रहेको छ । देशमा विभिन्न राजनीतिक परिवर्तनका बाबजुद नेपाली युवाको अवस्थामा खासै सुधार हुन सकेको छैन । दैनिक झण्डै १५ सय युवा कामको खोजीमा विदेशिन बाध्य छन् भने अर्कोतर्फ असुरक्षित श्रमका कारण वर्षेनि हजारौं युवाले ज्यान गुमाउनुपरेको अवस्था छ । देशमा रोजगारीका अवसर सीमित छन्, श्रमका लागि विदेशिने युवाहरूलाई आवश्यक सीप तथा तालिमको व्यवस्था हुन सकेको छैन जसले गर्दा अदक्ष कामदारका रूपमा विदेशिन बाध्य युवाहरूको पारिश्रमिक पनि न्यून हुनुका साथै जोखिमयुक्त श्रम गर्नुपर्ने बाध्यता पनि रहेको देखिन्छ ।

झण्डै ६० लाख नेपाली युवाहरू श्रमका लागि विदेशिका छन् भने अध्ययनका लागि विदेशिएका युवाहरूको संख्या पनि उच्च छ । त्यसोत यसरी विदेशिका युवाबाट प्राप्त विप्रेषणले देशको कुल गार्हस्थ्य उत्पादनमा झण्डै एक चौथाइ योगदान दिने गरेको छ । विप्रेषणले अर्थतन्त्रलाई वर्तमानमा ठूलो टेवा पुर्‍याए पनि यो दिगो हुन सक्दैन । त्यसैले यी युवाशक्तिलाई देशमा नै श्रम गर्न सक्ने वातावरण निर्माण आजको प्रमुख आवश्यकता हो ।

सामान्यत: १८ वर्ष देखि ६० वर्ष उमेर समूहलाई श्रमका लागि योग्य उमेरका रूपमा लिने गरिन्छ भने यस उमेरका जनशक्तिको उत्पादकत्व पनि उच्च हुन्छ । तर सामाजिक मनोविज्ञानका कारण पनि युवाहरूको प्राथिमिकता विदेश पर्दै आएको छ । यो मनोविज्ञानलाई चिर्दै र देशभित्रै रोजगारी लगायत व्यवसायको अवसर सिर्जना गर्नु चुनौतीका रूपमा रहेको छ । त्यस्तै गुणस्तरीय, समयसापेक्ष र रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सीप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता, बेरोजगारी र अर्धबेरोजगारी, युवा पलायन, राजनीतिक अस्थिरता, युवाको कमजोर स्वास्थ्य, पोषण र मनोबल, युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव, लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण, विश्वव्यापीकरण तथा उदारीकरणको प्रभावले ल्याएका चुनौती रहेका छन् । युवा प्रतिभा पलायन रोक्न नसक्नु, युवा लक्षित नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वय हुन नसक्नु, जनशक्तिको बजार माग र आपूर्तिबीच सामाञ्जस्य हुन नसक्नु, युवा विकासका लागि ठोस योजना नहुनु, समाजमा विभेद, अन्धविश्वास जस्ता कुरीति विद्यमान हुनु, युवासँग सम्बन्धित तथ्यांकीय आधार नहुनु जस्ता सीमितता रहेका छन् । यी विविध सीमितताका बाबजुद पनि देशमा विद्यमान बेरोजगारी समस्या समाधानका लागि सरकारी तहबाट विभिन्न प्रयास हुँदै आएका छन् । दिगो विकास लक्ष्य तथा युथ भिजन-२०२५ ले युवाको विकास र सहभागितामा मुख्य जोड दिएको छ ।

त्यस्तै नेपाल सरकार राष्ट्रिय योजना आयोगले तयार गरेको पन्ध्रौं योजनाले 'युवाको सर्वाङ्गीण विकास राष्ट्र निर्माणको प्रमुख आधार! भन्ने सोचका साथै स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवाशक्तिको विकास र परिचालन गर्ने लक्ष्य राखेको छ । युवा सशक्तीकरण तथा युवा रोजगारीका लागि सरकारले ल्याएका विभिन्न कार्यक्रम र त्यसका लागि स्थापित संस्थागत संरचनामध्ये युवा स्वरोजगार पनि एक हो ।

युवाहरूलाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्न तथा स्वरोजगार बनाउन नेपाल सरकारले विसं. २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरेको हो । कोषको उद्देश्य लक्षित समुदायलाई सहुलियत ब्याजदरमा विनाधितो ऋण लगानी गरी स्वरोजगार बनाउनु रहेको छ । कोषले परिभाषित गरेको लक्षित समुदायमा १८ वर्षदेखि ६० वर्ष उमेरसम्मका आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी, जनजाती, मधेसी, थारु, सीमान्तीकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपांगता भएका व्यक्ति, द्वन्द्वपीडित तथा पिछडिएका क्षेत्रका व्यक्ति तथा गरिब किसान मजदुर, सुकुम्बासी वा साना व्यवसायीसमेत पर्दछन् ।

स्थापनाको वर्षबाट नै कोषले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावलीअनुसार कार्यक्रम सञ्चालन गर्दै आएको छ । कोषले सुरुवातबाट नै बैंक, वित्तीय तथा सहकारी संस्थामार्फत लक्षित समुदायलाई प्रतिव्यक्ति दुई लाख रुपैयाँ सहुलियत कर्जा उपलब्ध गराउँदै आएको छ । हाल कर्जाको सीमा प्रतिव्यक्ति रु पाँच लाख बनाइएको छ । कोषले लक्षित समुदायका परम्परागत पेसा र सीप विकास तथा व्यवसाय प्रवर्द्धनका लागि सहुलियत दरमा ऋण लगानी गर्ने गर्दै आएको छ ।

यसक्रममा कोषले स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुको व्यवसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालनमा पनि सहयोग पुर्‍याएको छ । साथै, कोषले नेपाल सरकारले पहिचान गरेको गरिब परिवारलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने, रोजगार प्रवर्द्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालन लगायतका निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उत्पादनशील व्यवसायमा लगानी गर्ने, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्ने आदिलाई प्राथमिकता दिएको छ । कोषले बैंक वित्तीय संस्था तथा देशभरिकै सहकारी संस्थाहरूलाई मापदण्ड तयार गरी थोक कर्जाका लागि प्रस्ताव आह्वान गर्छ । प्राप्त प्रस्ताव कोषबाट स्थलगत अनुगमन तथा निरीक्षण गरी कोषको सूचना बमोजिमको मापदण्ड पुगेका बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई सहुलियत ऋण दिने गर्छ । बैंक वित्तीय संस्थालाई रु. ५ करोड र सहकारी संस्थाहरूलाई रु. २० लाख देखि रु. १ करोडसम्म कर्जा स्वीकृति गर्ने व्यवस्था छ । यी संस्थाहरूले बेरोजगार युवालाई बढीमा २ लाख (हाल ५ लाख बनाइएको) सम्म ऋण उपलब्ध गराउन सक्छ ।

हालसम्म कोषले १ हजार ९ सय ६८ सहकारी संस्था तथा २६ बैंक तथा वित्तीय संस्थाहरूमार्फत ११ अर्बभन्दा बढी सहुलियतपूर्ण कर्जा लगानी गरेको छ । यससँगै कोषले ८ हजार चार सय ४० जनालाई सीपमूलक तालिम तथा ४२ हजार ५ सय ६३ जनालाई अभिमुखीकरण तालिम प्रदान गरेको छ । यसबाट हालसम्म ८३ हजार ४ सय ९ जना स्वरोजगार भइसकेका छन् । युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेका युवा स्वरोजगार कोष लगायतका सरकारी संस्थाहरूले युवाहरूको समग्र विकासमा काम गर्दै आएका छन् । यी विविध सरकारी प्रयासका बाबजुद अपेक्षाअनुसारको परिणाम भने प्राप्त भैसकेको छैन ।


यसमा एकातर्फ सरकारी प्रयासमा पनि केही र कहीं कमजोरी रहेका छन् भने रोजगारीको सन्दर्भमा नेपाली समाजको मनोविज्ञान पनि संकुचित घेरामा अल्झिएको छ । नेपाली युवाहरूको ठूलो हिस्सा स्वरोजगारका साना तर दिगो विकल्पलाई छोडेर आन्तरिक वा विदेशी श्रमबजारमा श्रम बेच्न प्राथमिकता दिन्छ । नेपाली युवाले मनोविज्ञानबाट मुक्त हुनुका साथै सरकारले पनि युवा लक्षित कार्यक्रमको विस्तार र यी कार्यक्रममा युवा पहुँच बढाउन अझ बढी मेहेनत गर्नुपर्ने देखिन्छ ।

र अन्त्यमा, देशका हरेक क्षेत्रको विकासको अवस्था प्रारम्भिक चरणमा रहनुले देशभित्रै असीमित अवसरलाई देखाउँछ । त्यस्तै भूमण्डलीकरणले साँघुरो बनाएको विश्वमा देशभित्रैबाट विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने वातावरण पनि बनाएको छ । नेपालको सन्दर्भमा युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, युवाहरूको समग्र विकासका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद्लगायतका विभिन्न संरचनात्मक प्रबन्ध हुनु आदि युवाका अवसर हुन् । यी अवसरहरूलाई अझ विस्तार गर्दै युवाहरूको क्षमतालाई देशभित्रै उपयोग गर्न सके देशको आर्थिक वृद्धि र समृद्धिले गति लिन सक्नेमा विश्वस्त हुन सकिन्छ । *-साभार: इकागज*

# रूस र युक्रेन लडाइँको आर्थिक परिणति



नरसागर श्रेष्ठ




आखिरमा पश्चिमा देशहरूले प्रक्षेपण गरेअनुसार रूसले युक्रेनमाथि आक्रमण गरेरै छोड्यो । सन १९४५ पछिको जमिनमा भएको भीषण लडाइँमा यसलाई दोस्रो लडाइँ मानिएको छ । आफ्नो पछिल्लो कार्यकालमा पुटिनले महँगो वैदेशिक सैनिक प्रदर्शन गर्ने कार्य गरी रूसको शक्ति प्रदर्शन गर्ने परिचायकको रूपमा यो युद्धलाई लिन सकिन्छ । यो युद्धले कोभिड संक्रमणको अवस्थाबाट पुनरुत्थानतिर लागेको विश्व अर्थव्यवस्थालाई पुन: सुस्ततातिर धकेल्ने ठूलो सम्भावना बढेको छ । यो आक्रमणपछि संयुक्त राज्य अमेरिकालगायत युरोपियन युनियनका देशहरू र बेलायतले रूसमाथि लगाएको आर्थिक प्रतिबन्धको मात्राले पनि यो युद्धबाट निस्कने आर्थिक परिणाम आकलन गर्न सकिने हुन्छ ।

योभन्दा अगाडि पनि रूसले युक्रेनको क्राइमियामाथि आक्रमण गर्दा पनि सन् २०१४ मा पश्चिमा देशहरूले रूसलाई आर्थिक प्रतिबन्ध लगाएको थियो । विश्वमा रूसी अर्थव्यवस्था कुल गार्हस्थ्य उत्पादनको हिसाबले ११ ठूलो अर्थतन्त्र हो र प्राकृतिक ग्यास उत्पादनमा विश्वकै दोस्रो ठूलो देश र तेल उत्पादनका हिसावले विश्वकै तेस्रो ठूलो देशका रूपमा विश्वसामु रूस उभिएको छ । रूसमा पुटिनले सुधारहरू गरेर रूसको अर्थव्यवस्थालाई मजबुत बनाएको छ ।

ग्यास र तेल निर्यात गरेरै भए पनि रूसले ६ सय ३० अर्ब डलरभन्दा बढीको विदेशी मुद्रा सञ्चिति रोखेको पाइन्छ । विश्व बैंकको डुइड बिजनेस रांकिडमा पनि पुटिनले आफ्नो देशको अवस्था निकै सुधार गरेको पाइन्छ । पुटिनले आफ्नो देशको अर्थव्यवस्थालाई पाँचौं ठूलो अर्थव्यवस्था बनाउने लक्ष्यतर्फ लागेको पाइन्छ । बोरिस यल्तसिनको पालामा अर्थात् सन् १९९८ मा धाराशायी भएको अर्थव्यवस्थालाई पुटिनले यो अवस्थासम्म ल्याइपु-याउन धेरै मेहनत गरेका छन् । सामान्यतया रूसलाई वस्तु निर्यात गरेर सम्पन्न भएको देशका रूपमा लिने गरिन्छ । यी तथ्यांकबाट यो युद्धको कारणले विश्व अर्थव्यवस्था कति प्रभावित हुन्छ भन्ने कुरा यकिन गर्न सजिलो हुन्छ ।

अमेरिका र युरोपियन युनियनका देशहरू र बेलायतले लगाउने आर्थिक नाकाबन्दीबाट दुईवटा प्रभावहरू पर्ने देखिन्छ । पहिलो प्रभाव हो, रूसको अमेरिकाको केन्द्रीय बैंक र युरोपियन युनियनको केन्द्रीय बैंकमा रहेका विदेशी मुद्रा जफत गर्ने र एक जना डेनिस सञ्चारकर्मीले यस्तो रकम करिब ३ सय अर्ब अमेरिकी डलर भएको अनुमान गरेका छन् । दोस्रो भनेको रूसी बैंकहरूमा प्रयोग भइरहेका स्विफ्ट नाम गरेको सफ्टवेयर प्रयोग गर्नबाट रूसलाई वञ्चित गर्ने, जसबाट रूसको बैंकिङ प्रणालीको कार्य प्रणालीमा मनग्य प्रभाव पार्न सकिने हुन्छ ।

युद्धले विश्वको तेल बजारमा मनग्य असर पर्छ भन्ने कुरा युद्ध भएको दोस्रो दिनमा नै कच्चा तेलको भाउ वृद्धि भएर प्रतिब्यारेल १ सय डलरभन्दा बढी हुन पुग्यो, जुन सन् २०१४ पछिको सबैभन्दा बढी मूल्य, यसले गर्दै यो युद्ध सुरु भएको दोस्रो दिनमा नै कच्चा तेलको भाउ वृद्धि भएर प्रतिब्यारेल १ सय डलरभन्दा बढी हुन पुग्यो, जुन सन् २०१४ पछिको सबैभन्दा बढी मूल्य हो । युरोपियन युनियनका सदस्य देशहरूको ग्यास आपूर्तिमा रूसको योगदान ४० प्रतिशत रहेबाट पनि यसले युरोपको आर्थिक अवस्थामा मनग्य प्रभाव पार्ने देखिन्छ । यस युद्धले गर्दा रूसबाट ग्यास र कच्चा तेल आयात गर्ने देशहरू एकातिर मर्कामा पर्ने देखिएको छ भने अर्कातिर विश्व बजारमा कच्चा तेलको भाउ वृद्धि भएपछि अरू देशहरूको पनि भुक्तानी असन्तुलन बिग्री चालू खाता घाटासमेत वृद्धि भई अस्थिरता बढ्ने देखिन्छ ।

एउटा अनुसन्धान केन्द्रले गरेको अध्ययनअनुसार तेलको मूल्यमा १० प्रतिशत वृद्धि भएमा त्यसले अर्थव्यवस्थामा ०.४ प्रतिशतले मुद्रास्फीति बढ्ने हुन्छ, किनभने यसले ढुवानी र अरू कार्यहरूको खर्चहरूसमेत बढाइ दिन्छ, दोस्रो असरका रूपमा विश्वभरि नै खाद्यान्नको भाउ वृद्धि हुने हो कि भन्ने शंका उत्पन्न भएको छ । विश्वमा उत्पादन हुने गहुँमध्ये रूस र युक्रेनले मात्रै २५ प्रतिशतभन्दा बढी गहुँ उत्पादन गर्छ । यस प्रकार इन्धन र खाद्यान्न दुवैको भाउ वृद्धि भएपछि उपभोक्ता मूल्य सूचकांकमा वृद्धि हुन्छ र यसले गर्दा उपभोक्ताहरूको भान्सा खर्च स्वत: वृद्धि हुन्छ । कोभिड संक्रमणको बेलामा बढेको खाद्यान्नको मूल्य यो युद्धले गर्दा अरू बढ्ने भएको छ । अझै पनि माग उठ्न नसकेको विश्व अर्थव्यवस्थामा यसले गर्दा वित्तीय सन्तुलन नै खलबिलिन पुग्ने अवस्था आएको छ । कोभिड संकटले गर्दा विश्व अर्थतन्त्रमा उपभोग अंशको योगदान सरकारी खर्च, लगानी आदिको तुलनामा कम भइरहेको र गत वर्ष सिपिड, तेल र अति आवश्यक अन्य वस्तुहरूमा बढेको मूल्यका कारण औद्योगिक उत्पादनको मूल्यवृद्धिले विश्वभर फैलिएको मुद्रास्फीतिको अवस्थालाई यो युद्धले अरू बिगार्ने भएको छ ।


यो युद्धले तेल उद्योग र खाद्य उद्योगहरूबाहेक रूस र युक्रेनको अन्य उद्योगहरूमा पनि प्रभाव पर्ने दुई जना आपूर्ति सिक्रीका विज्ञहरू सराह सिफिलिड र निकोलस काँलोसहरूले अनुमान गरेका छन् । रूसलाई रासायनिक मल कारखानाहरूका लागि महत्त्वपूर्ण इन्ग्रेडियन्ट आपूर्तिकर्ताको रूपमा लिने गरिन्छ । ग्यासको मूल्यवृद्धि भएपछि कार्बन डाइअक्साइडको अभाव भई खाद्यपदार्थ स्वच्छ राख्ने कार्य मात्र होइन कि अन्य औषधि-उपचारका क्रियाकलापहरू पनि प्रभावित हुन पुग्छ ।

गत वर्षको जुन महिनामा ग्यासको भाउ वृद्धि भएपछि बेलायतमा रासायनिक मल कारखानाहरू बन्द भएका थिए । नोमुरा कम्पनीले यो युद्धले गर्दा रेल यातायात र सिपिड उद्योग पनि मनग्य प्रभाव पर्ने आशंका गरेका छन् । किनभने रूस र युक्रेन फलाम, तामा र निकल उत्पादक देशहरूमा पर्छ । यसैगरी नियन, प्यालाडियम र प्लेटिनमजस्ता औद्योगिक कच्चा पदार्थहरूमा यी दुवै देशहरूको महत्वपूर्ण भूमिका रहिआएको छ । अमेरिका, बेलायत र युरोपका धेरै देशहरूको अन्तरिक्षसम्बन्धी उद्योगहरू यी दुवै देशहरूबाट आयात गरिने टिटानममा भर पर्ने गरेको छ । माथि उल्लिखित दुई जना आपूर्ति विज्ञहरूले त केही अन्तरिक्ष उद्योगहरूले सन् २०२८ सम्मका लागि रूससँग टिटानम आपूर्तिका लागि सम्झौता गरेको कुरा उल्लेख गरेका छन् ।

सन् २०२१ मा वर्षभरि नै माइक्रो चिप्सको अभावले धेरै उद्योग प्रभावित भएका थिए । विश्वमा आपूर्ति हुने माइक्रो चिप्सको आपूर्तिमा पनि यी दुवै देशको महत्वपूर्ण भूमिका रहेको छ । यसले गर्दा आगामी दिनमा यस्ता चिप्समा आधारित उद्योगहरू नराम्रोसँग प्रभावित हुने भएको छ । यो युद्धको कारणले गर्दा विश्व व्यापार पनि प्रभावित हुने देखिएको छ । पहिलो त अहिले विश्व व्यापारमा जुन डिजिटल प्रविधि प्रयोग गर्ने चलन बढेको छ, त्यसमा यो युद्धको कारणले गर्दा साइबर आक्रमण बढ्ने सक्ने सम्भावना आकलन गरिएको छ भने अर्कातिर काला सागरको बाटो प्रयोग गर्दा जहाजहरूलाई यो बाटो प्रयोग गर्ने अवस्था रहेन । गत वर्ष सिपिडमा भएको ढिलाइ र लगानी अभावको कारणले जुन सिपिड खर्च बढ्न गयो, यो युद्धले गर्दा अरू बढ्न जाने देखिन्छ ।

माथिको विश्लेषणबाट नेपालको अर्थतन्त्र पनि प्रभावित हुने कुरा स्पष्ट छ । तेलको मूल्यवृद्धिका कारणले भुक्तानी अन्तुलनको समस्याका साथमा चालू खाता घाटाको समस्या भोगिरहेको नेपालमा अरू चर्किनेछ । आयातमा निर्भर नेपाली अर्थतन्त्र खाद्यान्नको मूल्यवृद्धिले उपभोक्ता मूल्य सूचकांक अरू वृद्धि हुने निश्चित छ । कोरोना संक्रमणको बेलामा त्यति धेरै मूल्यवृद्धिको समस्या भोग्नु नपरेको नेपालले अहिले खाद्यान्न र तेलको भाउमा जुन वृद्धि भएको छ त्यसले मुद्रास्फीतिको दर अरू बढ्ने आकलन गर्न सकिन्छ । -साभार: कारोबार

# नेविसंघमा जम्बो तदर्थ समिति बनाउँदै कांग्रेस



काठमाडौं/नेपाली कांग्रेसले आफ्नो विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) मा जम्बो तदर्थ समिति बनाउने तयारी गरेको छ । आगामी वैशाख ३० गतेका लागि तोकिएको तीन तहका निर्वाचनलाई मध्यनजर गरी सबै पक्षलाई 'चित्त बुझाउन' ठूलोआकारको कार्यसमिति बनाउन लागिएको हो ।

विधानत: नेविसंघको केन्द्रीय कार्यसमिति १२१ सदस्यीय हुनुपर्छ । तर तदर्थ समितिमा २५० जना भन्दा बढीलाई समेट्ने तयारी भइरहेको नेताहरु बताउँछन् । नेविसंघमा विवाद हुँदा निर्वाचनमा असर पर्ने भएकाले अधिकतम विद्यार्थी नेतालाई समेट्ने पक्षमा कांग्रेस छ ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा पनि केन्द्रीय कार्यसमितिमा आउन योग्यता पुगेका र विगतमा अवसर नपाएका सबैलाई समेट्ने प्रयत्न हुने बताउँछन् । कार्यसमिति ठूलो बनाए पनि कार्यसम्पादनका लागि खटिने टोली सानो हुने उनी बताउँछन् । कार्यकाल एक वर्ष भन्दा बढी हुने भएकाले तदर्थ समितिका आकांक्षी धेरै छन् । तदर्थ समितिमा अटाउन विद्यार्थी नेताहरु पार्टी नेताको घरदेखि पार्टी कार्यालय धाउन थालेका छन् । नेताहरुका अनुसार तदर्थ समिति बनाउँदा ३२ वर्षको उमेर हद कायम गर्ने कि नगर्ने भन्नेबारे पार्टीमा मतैक्यता हुनसकेको छैन । उमेर हद कायम गर्दा पनि पूर्वअध्यक्ष नैनसिंह महरले राजीनामा दिएको समयलाई मापदण्ड बनाउने कि हाललाई भन्नेमा विवाद छ । पटकपटक तोकिएको महाधिवेशन गराउन नसकेपछि महरले २०७५ माघमा राजीनामा दिएका थिए । २०७६ माघमा राजीव ढुंगाना अध्यक्ष मनोनित भए । ढुंगाना पनि मंसिरमा भएको१४औं महाधिवेशनबाट कांग्रेसको केन्द्रीय सदस्य भइसके ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत भने नेविसंघको विधानमा ३२ वर्षे उमेर हद १२औं महाधिवेशन पश्चात लागु हुने भनिएकाले तदर्थ समितिमा सबैलाई समेट्ने बताउँछन् । भन्छन्, 'सभापतिले ३२ माथि र मुनि सबैलाई समेटेर तदर्थ समिति गठन गर्नुहुन्छ ।' ३ फागुनमा बसेको कांग्रेस केन्द्रीय समिति बैठकले सभापति शेरबहादुर देउवाले नेविसंघसहितका नौ वटा भ्रातृ संगठनको तदर्थ समिति आवश्यक परामर्श गरी फागुन मसान्तभित्र गठन गर्ने निर्णय गरेको थियो ।

नयाँ गठन भ्रातृ संस्थाको पदावधि सबै तहका निर्वाचनको परिणाम आएको तीन महिनासम्म रहन्छ । 'स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम आएको मितिले तीन महिनाभित्र केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने जिम्मेवारी दिने तथा तोकिएको सो अवधिमा महाधिवेशन सम्पन्न गर्न नसक्ने कार्यसमिति स्वत: विघटन हुने निर्णय यो बैठक गर्दछ' पार्टीले गरेको निर्णयमा भनिएको छ ।

**कोको छन् आकांक्षी ?**

स्थानीय तहको निर्वाचन ३० वैशाखलाई तोकिएको छ भने संघ र प्रदेशको निर्वाचन आगामी मंसिरमा हुनसक्छ । त्यसो भएमा नेविसंघले अर्कोफागुनसम्म महाधिवेशन गर्नुपर्छ । कार्यकाल एक वर्ष भन्दा बढी हुने भएकाले तदर्थ समितिका आकांक्षी धेरै छन् । तदर्थ समितिमा अटाउन विद्यार्थी नेताहरु पार्टी नेताको घरदेखि पार्टी कार्यालय धाउन थालेका छन् ।

नेविसंघको अध्यक्षमा प्रेमराज जोशी, डोजाङ शेर्पा, मेघा शाही, प्रेम शाही लगायतको दाबी छ । जोशी प्रवक्ता महत निकट हुन् भने शेर्पा आरजु राणा निकट । ३२ वर्षे उमेर हदमा महरले राजीनामा दिंदाको समयलाई मान्यता दिंदा जोशी र हालको समयलाई मान्दा शेर्पा नेविसंघको सभापति बन्ने सम्भावना रहेको नेताहरु बताउँछन् ।

नेता डा. शेखर कोइराला पक्षबाट शिव रिमाल र निरञ्जन थापा अध्यक्षका आकांक्षी हुन् । थापालाई नेता अर्जुननरसिंह केसीको पनि साथ छ । पूर्व महामन्त्री डा. शशांक कोइराला निकट सागर परियार पनि अध्यक्षका आकांक्षी हुन् । विमलेन्द्र निधि र प्रकाशमान सिंह निकट रहेर नेविसंघको नेतृत्वको दाबी गर्ने कोही खुलिसकेका छैनन् । कृष्णप्रसाद सिटौला पक्षबाट सुशील भट्ट दावेदार छन् । तर अध्यक्ष संस्थापन पक्षबाट हुँदा अरु आकांक्षीलाई पदाधिकारी बनाउने सम्भावना रहन्छ । -साभार: अनलाईनखबर

# प्रहरीद्वारा गाँजा खेती नष्ट



वीरगञ्ज/महोत्तरीमा प्रहरीले अवैध तरिकाले लगाइएको गाँजा खेती नष्ट गरेको छ ।

जिल्लाको एकडारा गाउँपालिका वडा नम्बर ३ अजमर पट्टी गाउँमा आठ कठ्ठा जग्गामा लगाइएको प्रतिवन्धित लागूऔषध गाँजा खेती प्रहरीले नष्ट गरेको हो ।

अजमरपट्टी बस्ने गङ्गा मण्डल, चेतन मण्डल, श्यामसुन्दर मण्डल, दिनेश मण्डल, नागेन्द्र मण्डल र गणेश मण्डलले आफ्नै खेतमा अवैध रुपमा लगाएको गाँजा खेती नष्ट गरिएको प्रहरीले जनाएको छ ।

विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय महोत्तरी तथा प्रहरी चौकि नैन्हीबाट गएको ११ जनाको संयुक्त प्रहरी टोलीले आठ कठ्ठा जग्गामा लगाएको गाँजा नष्ट गरेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी प्रकाश विष्टले जानकारी दिए ।

आठ कठ्ठामा करिब ४ हजार १ सय गाँजाको बोट फडानी गरी स्थानीय भद्रभलादी, स्थानीय जनप्रतिनिधिहरुको रोहबरमा जलाएर नष्ट गरेको डिएसपी विष्टले बताए । गाँजा खेती गर्ने मानिसहरु फरार रहेकोले र उनीहरुको खोजिकार्य भइरहेको छ । -साभार: यात्राडेली

# बुटवलमा विशाल नै मार्की, प्रशिक्षकमा थापा



काठमाडौं- नेपाल सुपर लिग (एनएसएल) का लागि बुटवल लुम्बिनी फुटबल क्लबले गोलरक्षक विशाल श्रेष्ठलाई नै मार्की खेलाडीमा निरन्तरता दिएको छ ।

क्लबले आफ्नो वेबसाइटमार्फत प्रशिक्षकमा भने परिवर्तन गर्दै नेपाल पुलिस क्लबमा अनन्त थापालाई नियुक्त गरेको जनाएको छ । बुटवलले गत सिजन प्रशिक्षकमा सनोज श्रेष्ठलाई नियुक्त गरेको थियो ।

क्लबको जनरल म्यानेजरमा राजुकाजी शाक्य नै नियमित रहेका छन् । राष्ट्रिय टोलीका खेलाडी तथा गत सिजन लुम्बिनीबाट नै खेलेका डिफेन्डर रविन श्रेष्ठ भने टोलीमा व्यवस्थापकका रुपमा रहेका छन् । टोलीमा यसपटक पनि मार्की खेलाडीमा विशाल श्रेष्ठ नै निरन्तर रहेका छन् ।

उनले गत सिजन टोलीको कप्तानी पनि सम्हालेका थिए । लुम्बिनीले सुरज विक घाइते भएपछि उनको स्थानमा त्यसबेला राष्ट्रिय टोलीका कप्तान रहेका विराज महर्जनलाई अनुबन्ध गरेको थियो । विशालले लिग चल्दै गर्दा विराजलाई कप्तानीको जिम्मेवारी हस्तान्तरण गरेका थिए ।

क्लबले गत सिजन अंक तालिकाको चौथो स्थानमा रहँदै प्लेअफ यात्रा तय गरेको थियो । प्लेअफमा ललितपुरसँग पराजित भएपछि टोली समग्रमा चौथो स्थानमा सिमित भएको थियो । नेपाल स्पोर्टस् एण्ड इभेन्ट म्यानेजमेन्ट (एनइएसएम) को आयोजनामा चैत २६ गतेबाट सुरु हुने भनिएको एनएसएलको दोस्रो संस्करणमा यसपटक ३ नयाँ टोली थपिएपछि कुल १० टोलीबीच प्रतिस्पर्धा हुनेछ ।

आयोजकले शुक्रबार खेलाडी अक्सन गर्ने जनाएको छ । अक्सनका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) ले २ सय ४२ खेलाडीलाई तीन क्याटगोरीमा विभाजन गरेको छ ।

विहीबार काठमाडौं रेजर्सले विकेश कुथुलाई मार्की खेलाडी र बालगोपाल महर्जनलाई प्रशिक्षकमा निरन्तरता दिएको छ । विराटनगर सिटीले मार्की खेलाडीमा रञ्जित धिमाललाई निरन्तरता दिंदा प्रशिक्षकमा विष्णु गुरुङलाई नियुक्त गरेको छ । झापा फुटबल क्लबले अन्जन विष्टलाई मार्की खेलाडीको रुपमा अघिल्लो साता नै सार्वजनिक गरिसकेको छ । चितवनले प्रशिक्षण टोलीमा तोपे फुजा, याम गुरुङ र शैलेश कर्मचार्यलाई नियुक्त गरेको छ ।

एनएसएलमा धनगढी, विराटनगर, काठमाडौं रेजर्स, झापा, पोखरासहित ललितपुर सिटी एफसी, एफसी चितवन, बुटवल लुम्बिनी एफसी र तीन नयाँ टोली झापा एफसी, वीरगञ्ज युनाइटेड र स्पोर्टिङ इलाम डि मेची छन् । यसपटक एनएसएल पोखरा र काठमाडौंमा हुने बताइएको छ । *-साभार: हाम्रो खेलकुद*

# अभिनेत्री रेखा थापा राप्रपाको केन्द्रीय सदस्यमा मनोनीत



काठमाडौं/ पछिल्लो महाधिवेशनमा नेत्री कुन्ति शाहीसँगको प्रतिष्पर्धामा थापा राप्रपाको महामन्त्री पदमा पराजित बनेकी अभिनेत्री रेखा थापा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को केन्द्रीय कार्यसमिति सदस्यमा मनोनीत भएकी छन् । अध्यक्ष राजेन्द्र लिङ्देनले थापासहित १४ जना महिलालाई केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनयन गरेका हुन् ।

थापालाई तेस्रो बरियतामा राखिएको बताईएको छ । थापासँगै लीलादेवी श्रेष्ठ, विन्दु पौडेल, प्रेक्षा मल्ल, मीना झा, सन्तोषी शाही ठकुरी, स्वाती थापा, पुष्पा रजौरिया, लक्ष्मी तण्डुकार, समृद्धि राणा, मीना न्यौपाने, शान्ति माया गुरुङ, जयाकुमारी महतो र सावित्रा थापा मनोनीत भएका हुन् । -साभार: फिल्मीखबर

# मानव तस्करीमा परेका ८ किशोरीको उद्धार

वीरगञ्ज/सिमावार्तीय भारतीय शहर रक्सौलबाट आठ जना नेपाली किशोरीहरुको उद्धार गरिएको छ । भारतको एन्टी ह्युमन ट्र्याफीकिङ्ग विभाग दिल्लीले विहार प्रहरीसँगको समन्वयमा रक्सौलस्थित सौनाहा बजारबाट आठ जना नेपाली किशोरीहरुको उद्धार गरेको हो ।

सौनाहमा सञ्चालित २ वटा आर्केस्ट्राबाट मंगलबार उनीहरुको उद्धार गरिएको विहार प्रहरीले जनाएको छ ।

विहार प्रहरीका सिनियर इन्स्पेक्टर मनोज कुमार शर्माका अनुसार उद्धार गरिएका आठ किशोरीमध्ये ४ जना नाबालिक छन् ।

विशेष सूचनाको आधारमा एन्टी ह्युमन ट्र्याफीकिङ विभाग, रेस्क्यू मिशन फाउण्डेशन, चाइल्ड लाइन केयर सब-सेन्टर रक्सौल तथा पलनवा थानाका प्रहरीको संयुक्त टोलीद्वारा आर्केस्ट्रामा छापामारी गरिएको थियो । उद्धार गरिएका किशोरीहरुलाई हाल मोतिहारस्थित सेल्टर होममा राखिएको शर्माले जानकारी दिए ।

नेपाली प्रहरीसँग सम्वान्य गरेर उनीहरुलाई नेपाल पठाउने तयारी भइरहेको उनले बताए । किशोरीहरुलाई विभिन्न प्रलोभन देखाएर नेपालबाट भारत ल्याई आरकेस्ट्रामा नचाउनुने गरिएको अनुसन्धानबाट खुलेको छ । उनीहरुमाथि शारिरिक शोषण समेत हुनेगरेको थियो ।

प्रहरीले आरकेस्ट्रा सञ्चालकहरुलाई पक्राउ गरेर पलनवा थानाका इन्चार्ज प्रभारी उपनिरीक्षक प्रभाकर पाठकलाई जिम्मा लगाएको छ ।

नेपालबाट वर्षेनी हजारौँ महिला, किशोरी र बालबालिका भारत र विश्वका विभिन्न मुलुकमा बेचबिखनमा पर्दै आएका छन् । रोजगारी, विवाह, उच्च जीवनस्तर जस्ता प्रलोभन देखाएर मानव तस्करहरुले नेपाली महिलाहरुलाई भारतमा लगेर बेच्ने गरेको इन्स्पेक्टर शर्माले बताए ।

मानव तस्करी रोधी इकाई क्षेत्रीय मुख्यालय रक्सौलले पछिल्लो ६ महिनाको अवधिमा मात्र रक्सौल क्षेत्रबाट मात्रै ७२ जना नेपाली महिलाहरुको उद्धार गरेर नेपाल सरकारको जिम्मा लगाएको छ ।

नेपाली चेलीहरुलाई भारततर्फ ल्याउन नेपालमा भारतीय नेटवकिङ्ग कम्पनीको नाममा नेपालमा त्यसको गिरोह नै परिचालित छ । एउटा किशोरीलाई फकाई ल्याए वापत तस्करहरुले २० देखि ५० हजारसम्म भारतीय रुपैयाँ पाउने गरेको शर्माले बताउँछन् ।

- साभार: यात्राडेली

# युक्रेनमाथि युद्ध अपराध गरेको रुसलाई आउँदैछ खतरानाक संकट



काठमाडौं- रूस तथा युक्रेन युद्ध आउने क्षणहरू अझै भयानक हुँदै जाने बीबीसीका एक पत्रकारले लेखेका छन् । युद्धको स्थिति रूसले अपेक्षा गरेभन्दा पनि निकै अप्ठ्यारो हुँदै गएको र यसले रूसी जनता तथा सेनालाई नै असर गर्दै जाने जनाइएका छन् ।

बीबीसी संवाददाता फगल किनले एक लेख लेख्दै यस द्वन्द्वको सबैभन्दा खतरनाक क्षणहरू अगाडि आउन बाँकी रहेको जनाएका छन् । रूसी राष्ट्रपति पुटिनले अपेक्षा गरेभन्दा धेरै ठूलो प्रतिरोधको सामना गर्नुपरेको भन्दै यसले आगामी दिनमा रूस झन् झन समस्यामा पर्ने जनाएका छन् । युक्रेन आक्रमण पश्चात रूसी सेनाले अपेक्षा गरेभन्दा धेरै क्षति तथा अप्ठ्यारो स्थिति देखिएको पनि किनले जनाएका छन् ।

रूसले जसरी पहिला आँकलन गरेको थियो स्थिती हाल निकै अपठ्यारोमा पुगेको र अन्य राष्ट्रहरूले पनि युक्रेनलाई हतियार पठाउन थालेकाले स्थितिमा झन् झन् अप्ठ्यारोतिर धकेलिएको छ ।

पश्चिमी राष्ट्रहरूले प्रतिबन्धमा एकमत देखाएका छन् । रूसले अब पुन: यी राष्ट्रहरूलाई प्रभावमा पार्न निकै समय लाग्नेछ । हुन त यो लडाई पुटिनको अस्तित्वको लडाई समेत हो । जसबाट हेर्दा उनको सत्ताको दिनगन्ती समेत सुरु हुनेछ । त्यसैले पनि पुटिन यो लडाई जसरी पनि जित्नुपर्ने देखिन्छ । लडाईं हारेमा अपदस्थ हुने वा अन्तर्राष्ट्रिय फौजदारी न्यायाधिकरणको सामना गर्ने सम्भावना उनको दिमागमा हुनेछ ।

पुटिनको लक्ष्य कीभमा सरकार हटाउन र कठपुतली शासन स्थापना गर्नु हो । जसले आगामी दिनमा युक्रेनीहरूबाट हुने प्रतिरोधी भावनाको विकासमा नियन्त्रण राखोस् । यसरी बनेको सरकारलाई पुटिन आफ्नो इसाराले चलाउन सक्नेछन् । युक्रेनी जनताहरूले पनि सूचनाको यस लडाईंमा सोचेभन्दा धेरै सक्रियता देखाएका छन् । युक्रेनीहरू राष्ट्रपतिको आग्रह तथा देशमा आएको विपत्ती देखेर सैनिक भएका छन् । उनीहरूको मुख्य डर भनेको आफ्नो देशलाई आक्रमणकारीबाट बचाउनु रहेको छ । सैनिक भएका र हतियार पाएका युक्रेनीहरू कसरी हुन्छ रसियनहरूलाई युद्धबाट धपाउन चाहान्छन् । रूसी सेनाहरूले चारैतिरबाट आक्रमण तथा गोलाबारीले गर्दा नागरिकहरूमा भने डर तथा त्रास भरिएको देखिन्छ ।

-साभार: इकागज

# पल शाह प्रकरण : भिडबाट अनुसन्धान प्रभावित पार्ने प्रयास

काठमाडौं/नाबालिग गायिकामाथि बलात्कारको आरोप लागेका नेपाली चलचित्रका नायक पल शाहमाथि प्रहरी अनुसन्धान जारी छ । उनीविरुद्ध तनहुँ र गैंडाकोटमा उजुरी परेको छ ।

उनीमाथिको अनुसन्धान दुवै स्थानबाट भए पनि मुद्दा प्रक्रिया भने जिल्ला प्रहरी कार्यालय तनहुँबाट अगाडि बढ्नेछ । गएको आइतबार पल आफैँ प्रहरी कार्यालयमा उपस्थित भएका थिए ।

जिल्ला अदालत तनहुँले उनलाई सात दिनको न्यायिक हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

पलको पक्ष/विपक्षमा कलाकारहरू विभाजित देखिएका छन् । कतिपयले त अनुसन्धान पूरा नहुँदै पल निर्दोष रहेको दाबी समेत गरिरहेका छन् ।

दैनिकजसो तनहुँमा पलका समर्थकको भिड लागिरहेको छ । युट्युबर, आफूलाई सामाजिक अभियन्ता बताउनेहरूले घटनाका बारेमा विभिन्न धारणाहरू बाहिर ल्याइरहेका छन् ।

प्रहरीले पललाई नजिकका आफन्त र कानुन व्यवसायीलाई मात्रै भेट्न दिएको छ । अनुसन्धानको समयमा हुने अनावश्यक भिड, सामाजिक सञ्जालमा आफूखुसी विभिन्न विचार पोस्ट गर्दा समस्या हुने प्रहरी अधिकारीहरूको तर्क छ । डीआईजी उत्तमराज सुवेदी आन्दोलन, प्रदर्शन र अनावश्यक भिडभाडले अनुसन्धानमा ठूलो प्रभाव पर्ने दाबी गर्छन् ।

उनी भन्छन्, 'अनुसन्धान एकै दिनमा भइहाल्छ भन्ने हुँदैन । जति चाँडो प्रहरी अनुसन्धानमा प्रवेश गर्न पाउँछ, त्यति प्रभावकारी हुन्छ । सोही समय आन्दोलन, प्रदर्शन हुँदा प्रहरीको ध्यान अन्यत्र मोडिन्छ । मुख्य कुरामा प्रहरी प्रमुखले ध्यान दिन सक्दैन ।'

उनका अनुसार प्राविधिक पद्दतिबाट हुने अनुसन्धानभन्दा 'म्यानुअल' विधिबाट हुने अनुसन्धानमा केही जटिलता हुन्छन् । यस्तोमा जति ढिलो भयो त्यति नै समस्या हुँदै जान्छ । निर्मला पन्त हत्या प्रकरणमा भएको आन्दोलनले प्रहरी अनुसन्धान प्रभावित भएको डीआईजी सुवेदीको तर्क छ ।

बैतडीकी भागरथी भट्टको बलात्कारपछि हत्या प्रकरणमा पनि आन्दोलन चर्किन खोज्दा प्रहरीले समन्वय गरेर आन्दोलन रोकिएको र केही दिनमै अपराधी पत्ता लागेको उनी बताउँछन् । पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोग गरेर घटनालाई बंग्याउने, अतिरञ्जित पार्ने काम भइरहेको र त्यसले पनि अनुसन्धानमा समस्या भइरहेको उनको भनाइ छ । डीआईजी सुवेदी भन्छन्, 'कतिपयले युट्युब, सामाजिक सञ्जालमा अनुसन्धान पूरा नहुँदै दोषी किटान समेत गरिसकिएको हुन्छ । यसले अनुसन्धान अधिकृतको ध्यान पनि कहिलेकाहीँ अन्यत्र मोडिन पुग्छ । अनुसन्धान गर्ने भनेको प्रहरीले हो । त्यो काम अरूले गर्ने होइन । तर, पछिल्लो समय विकृति बढ्दो छ ।'

पल शाह प्रकरणमा जिम्मेवार कलाकारहरूले नै अनावश्यक टिप्पणी गरेको विषयलाई पनि प्रहरीले अनुसन्धान प्रभावित पार्न खोजेको आशयका रूपमा लिएको छ । पललाई भेट्ने र बाहिर आएर युट्युबरलाई अन्तर्वार्ता दिने अभियन्ता, टिकटकर पनि थुप्रै देखिएका छन् ।

प्रहरी अधिकारीहरूका अनुसार तनहुँमा दुई दर्जन बढी युट्युबर पुगेका छन् । उनीहरूले मनलाग्दी 'कन्टेन्ट' बनाइरहेका छन् । प्रहरीले पलविरुद्धका प्रमाण संकलन गरिरहेको छ ।

प्रहरीले पल तनहुँ र गैंडाकोटमा बसे/नबसेको रेकर्ड समेत हेरिरहेको छ । त्यसबाहेक त्यसलाई पुष्टि गर्ने प्राविधिक अनुसन्धान पनि प्रहरीले गर्नेछ ।

-साभार: बाह्रखरी

# परीक्षा बोर्डले एसईईको प्रश्नपत्र छपाइ सुरु




काठमाडौं/राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई)का लागि बिहीबारदेखि प्रश्नपत्र छाप्न सुरु गरेको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको सेक्युरिटी प्रेसमा एसईईका प्रश्नपत्रहरू छापिँदै छ ।

जनक शिक्षाका सीईओ अनिल झाका अनुसार तीनवटा सुरक्षा घेराबीच एसईईका प्रश्नपत्रहरू छाप्ने कार्य भइरहेको छ । उनी भन्छन्, 'नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले दिएको सुरक्षामा प्रश्नपत्र छपाइरहेका छौँ । चैत मसान्तभित्र छापिएर जिल्ला-जिल्लामा पठाउनेछौँ ।'

बुधबार साँझ बोर्डको बैठक बसेको थियो । उक्त बैठकमा एसईईका लागि प्रश्नपत्र छाप्नेबारे छलफल भएको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । उनले भने, 'दुई मोडालिटीमा परीक्षा गर्नेबारे छलफल भएको छ । केही परीक्षा केन्द्रमा अनलाइन माध्यममा प्रश्नपत्र पठाउने र बाँकीमा प्रश्नपत्र पठाएर परीक्षा गर्नेबारे छलफल भएको छ ।' बोर्डले पाँच लाख सेटभन्दा बढी प्रश्नपत्र छपाउँदै छ । आवश्यकभन्दा १० प्रतिशत बढी संख्यामा प्रश्नपत्र छपाउने चलन छ । अध्यक्ष शर्माले भने ठ्याक्कै यति संख्यामा प्रश्नपत्र छाप्ने भन्ने निर्णय नभएको दाबी गरे । गत वर्ष कक्षा-१२ को परीक्षा अनलाइन माध्यमबाट लिइएको थियो । अर्को वर्ष त्यस्तै मोडालिटीबाट कक्षा-१० को परीक्षा सञ्चालन गर्ने योजना रहेकोले योपटक केही स्थानमा अनलाइनमा प्रश्नपत्र पठाउन लागिएको शर्माको भनाइ छ ।

कोभिड-१९ का कारण ०७६ र ०७७ मा एसईई आन्तरिक मूल्यांकनबाट गरिएको थियो । त्यति बेला छापिएका ५१ लाख सेट प्रश्नपत्र अझै थन्किएर बसेका छन् । ती प्रश्नपत्र अब के भन्ने जिज्ञासामा अध्यक्ष शर्मा भन्छन्, 'त्यसको सफ्ट र हार्ड कपी दुइटै राखिएको छ । अहिले कतिपय कोर्स चेन्ज भएको छ । नभएकोचाहिँ प्रश्न बैंकको रूपमा राखेका छौँ । त्यस विषयमा अरू केही निर्णय भएको छैन ।' यो वर्षको एसईई आउँदो वैशाख ९ देखि २० गतेसम्म सञ्चालन हुँदै छ । परीक्षामा करिब पाँच लाख विद्यार्थी सहभागी हुनेछन् । दुई हजार परीक्षा केन्द्र तोकिएको छ ।

बोर्डले कक्षा-१२ को परीक्षाका लागि यसपालि पनि अनलाइन माध्यमबाटै प्रश्नपत्र पठाउने निर्णय गरेको छ । अध्यक्ष शर्मा भन्छन्, 'कक्षा-१२ का लागि अनलाइनबाटै प्रश्न पठाउछौँ । किनकि, केन्द्रमा विद्यार्थी संख्या कम छन् । त्यसैले परीक्षा गराउन सजिलो हुन्छ ।' बोर्डले आउँदो जेठभित्र हुने गरी कक्षा-१२ को परीक्षा तालिका सार्वजनिक गर्ने तयारी थालेको छ । केही दिनभित्रै परीक्षा मिति तोक्ने बोर्डको तयारी छ । -साभार: बाह्रखरी

बाटो काट्दा जेब्राक्रसको प्रयोग गरौं । सबै नागरिकहरुले ट्राफिक नियम पालना गरौं । दुर्घटनाबाट बचौं र बचाऔं ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

मतदातालाई धन्यवाद दिँदै नेता पराजुलीले भने

# आन्तरिक प्रतिस्पर्धा सकियो, अब स्थानीयतह निर्वाचनको तयारी थालौं



नेपाली काँग्रेस हेटौंडा ४ नम्बर वडाका प्रतिनिधिहरुसंगको छलफल कार्यक्रममा नेता आनन्दराम पराजुली, नगर सभापति उत्सव इटेनीलगायत ।

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ नेपाली कांग्रेस मकवानपुरको १४ औं अधिवेशनमा सभापति पदका आकांक्षी आनन्दराम पराजुली अधिवेशन सकिएलगत्तै प्रतिनिधिलाई धन्यवाद वडावडा छिरेका छन् । उनले विहीबार हेटौंडाको चार वटा वडाका प्रतिनिधिहरुलाई भेटेर अधिवेशनमा सहभागी भएकोमा धन्यवाद ज्ञापन गरे ।

हेटौंडा उपमहानगरका १, ४, ११ र १९ नम्बर वडाका प्रतिनिधिहरुलाई भेटेर उनले पार्टीको आन्तरिक प्रतिस्पर्धा सकिएको र अब नजिकिँदै गरेको स्थानीयतहको निर्वाचनलक्षित कार्यक्रममा अगाडि बढ्न वडास्तरीय नेता तथा कार्यकर्तालाई आग्रह गरे ।

पराजुलीले जिल्ला अधिवेशनको पहिलो चरण मतदानमा दोस्रो स्थान पाएपछि दोस्रो चरणको निर्वाचनमा प्रतिस्पर्धा गर्नुपर्नेमा पार्टीमा बढी भोट ल्याउने बुद्ध लामालाई समर्थन गरेर निर्बिरोध नेतृत्व चयनमा सघाएका थिए । निर्बिरोध नेतृत्व चयनमा महत्वपूर्ण भूमिका खेलेकोमा कार्यकर्तावृत्तमा चर्चा भइरहेको अवस्थामा अधिवेशन सकिएलगत्तै उनी पुन: कार्यकर्तामाझ पुगेका हुन् ।

'आन्तरिक प्रतिस्पर्धामा जे भयो अब त्यसलाई बिर्सेर आउँदै गरेको स्थानीय तहको निर्वाचनमा केन्द्रित हुनुहोस्', हेटौंडा-१ का प्रतिनिधिहरुको भेटमा नेता पराजुलीले भने- 'अब जित्नेले पार्टी हाँक्ने हो, हार्नेले सघाउने वातावरण बनाएर अगाडि जानुपर्छ ।'

स्थानीय तहको चुनाव अगाडि टोलटोलमा पार्टीको समितिहरु बनाएर चुनाव प्रचारप्रसार गर्ने, जनताको समस्या बुझ्ने र समाधानको पहल गर्नेमा ध्यान दिनुपर्नेमा सबै नेता कार्यकर्ता लाग्नुपर्नेमा जोड दिन उनले आग्रह गरेका छन् ।

भेटघाट कार्यक्रममा हेटौंडा नगर सभापति उत्सव इटेनी, सचिव सविन न्यौपाने, उपसभापतिका आकांक्षी रमेश गिरी, सचिवका आकांक्षी यतिराज सापकोटालगायत नेताहरु सहभागी थिए ।

## बर्तौला बने राप्रपा नेपालको महामन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरका राजाराम बर्तौला कमल थापा नेतृत्वको राप्रपा नेपालको महामन्त्रीमा चयन भएका छन् ।

थापाका विश्वासपात्र बर्तौला बुधबार पार्टीको महामन्त्रीमा मनोनयन भएका हुन् । उनले ९ फागुनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय सदस्य पदबाट राजीनामा दिएर थापाको राप्रपा नेपालमा प्रवेश गरेका थिए । थापा पनि राप्रपाको केही समयअघि भएको महाधिवेशनमा राजेन्द्र लिङ्देनसँग अध्यक्षमा पराजित भएपछि निर्वाचन आयोगमा दर्ता रहेको राप्रपा नेपालको अध्यक्ष बनेका थिए । उनले पूर्वराजा ज्ञानेन्द्र शाहको हस्तक्षेपका कारण आफू अध्यक्षमा पराजित हुनुपरेको भन्दै पार्टी छोडेका थिए ।

अध्यक्ष थापाले बुधबार बर्तौलासहित १६ जनालाई पदाधिकारीमा मनोनयन गरेका छन् । जसमध्ये मकवानपुरबाट बर्तौलामात्रै परेका थिए । यसैगरी, राप्रपा नेपालका अध्यक्ष थापाका भतिजा अभिषेक थापाले भने राप्रपाको केन्द्रीय सदस्य पदमा सपथ खाएका छन् । उनले लिङ्देन नेतृत्वको राप्रपाको केन्द्रीय सदस्यको पद तथा गोपनीयताको शपथ लिएका हुन् । अभिषेक, कमल थापाको सहोदर भाइ गणेश थापाका छोरा हुन् ।

गत मंसिरमा भएको महाधिवेशनमा अभिषेक सदस्यमा निर्वाचित भएका थिए । उनले निर्वाचित भएको तीन महिनापछि बुधबार शपथ खाएका हुन् । थापाले हेटौंडाबाट राप्रपा परित्याग गरेको घोषणा गर्दै अभिषेकसँगै थिए । कमलकी छोरी प्रतिष्ठा थापा रायमाझी पनि राप्रपामै छिन् । महिला खुल्लातर्फ उम्मेदवारी दिएकी प्रतिष्ठा गत महाधिवेशनवाट २३ औं स्थानमा रहँदै केन्द्रीय सदस्यमा निर्वाचित भएकी थिइन् । प्रतिष्ठाले २०६३ सालमा तत्कालीन राप्रपा नेपालबाट राजनीति सुरु गरेकी हुन् ।

## मनहरीमा मन्दिर र पिकनिक पार्क

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मनहरी गाउँपालिकाको १ नम्बर वडामा शिव मन्दिर र पिकनिक पार्कको उद्घाटन गरिएको छ ।

वडाका युवाहरुको सक्रियतामा शिव मन्दिर र पिकनिक पार्कको निर्माण गरिएको थियो । उक्त मन्दिर र पार्कको नेपाली कांग्रेसका नेता शंकर न्यौपानेले उद्घाटन गरेका छन् ।

युवाहरुको सक्रियतामा गाउँमा विकासको नमूना काम देखिएको न्यौपानेले बताए । समाज रुपान्तरणका लागि युवाहरुको भूमिका अति आवश्यक रहेको भन्दै रचनात्मक कार्यमा युवाहरुको पाइला अघि बढ्नुपर्ने उनको भनाइ छ । शिवरात्रिको अवसरमा गरिएको कार्यक्रममा स्थानीय युवाहरुले शिव ताण्डप नृत्य, नेपाली सँस्कृति झल्कने अन्य साँस्कृति कार्यक्रम प्रस्तुत गरेका थिए ।

कार्यक्रममा पिकनिक पार्क र शिव मन्दिर संरक्षण समिति गठन गरिएको छ । उक्त समितिले पार्क र मन्दिरको नियमित निरीक्षण गर्दै संरक्षण गर्ने जनाइएको छ । समितिले पार्क र मन्दिरमा हानि नोक्सानी पुऱ्याउनेलाई प्रत्येक बर्ष फूलमाला लगाएर सम्मान गर्दै रचनात्मक सजाय दिने निर्णय गरेको छ । कार्यक्रममा वडा अध्यक्ष शिव प्रसाद खनाल, नेकपा माओवादी केन्द्रका स्थानीय नेता बद्रीप्रसाद उप्रेती, नेपाली कांग्रेसका रामप्रसाद उप्रेती, शान्ति स्वाबलम्बन् सहकारी सस्थाका अध्यक्ष बिष्णुप्रसाद अधिकारी लगायतको आतिथ्यता थियो ।

## निजामती कर्मचारी संगठन मकवानपुर अध्यक्षमा पौडेल

हेटौंडा, १९ फागुन/ नेकपा एमालेनिकट नेपाल निजामती कर्मचारी संगठन मकवानपुरको जिल्ला अधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ ।

हेटौंडामा भएको संगठनको ११ औं जिल्ला अधिवेशनबाट यादविन्द्र पौडेल अध्यक्ष चुनिएका छन् । पौडेलको नेतृत्वमा २१ सदस्यीय कार्यसमिति निर्माण भएको छ । उपाध्यक्षमा हेमकुमार पाठक, सचिवमा प्रकाश पौडेल, सहसचिवमा सम्झना शाहीलगायतका चयन भए । अधिवेशनले प्रदेश प्रतिनिधि तथा केन्द्रीय प्रतिनिधिहरुसमेत चयन गरेको छ । अधिवेशनको उद्घाटन गर्दै बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोर मणि पौडेलले तीनै तहका स्थायी सरकार कर्मचारी भएको बताए । उनले कर्मचारीहरुलाई इमान्दार भएर काम गर्न आग्रह गरे । कर्मचारीहरुले नागरिकहरुको हितमा काम गर्नुपर्नेमा उनको जोड छ । कार्यक्रममा नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ, नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष केदार देवकोटा लगायतकाको आतिथ्यता थियो ।

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकार का पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)




**www.sajhakuranews.com**

"तपाईं, हामी सबैको कुरा"
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा



## हेटौंडामा बृहत् साहित्य महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ हेटौंडामा आँचल साहित्य कला पुञ्जले आजदेखि बृहत् साहित्य महोत्सव आयोजना गर्दै छ । महोत्सवमा जिल्लामै पहिलोपटक देशभरका साहित्यकार जम्मा हुन लागेका हुन् ।

हेटौंडा उपमहानगर पालिकाको सहयोगमा आँचलले साहित्यका विभिन्न विषय र साहित्य र समाजसँग जोडिएका विषयवस्तु माथि बहस, अन्तर्क्रियासहित नेपाली भाषा साहित्यको उत्थान र विकासका लागि महोत्सव गर्न लागेको हो । महोत्सवले मकवानपुरको भाषा, साहित्य, कला, सँस्कृति, प्रकृति, पर्यटन, इतिहास, सम्पदा, दर्शन, उद्योग व्यापार र समग्र सामाजिक विकासमा टेवा पुग्ने आँचलका अध्यक्ष अनिता न्यौपानेले बताइन् ।

महोत्सवले भाषा साहित्यको विकास र संरक्षण गर्दै फरकफरक परिवेश, समूह, भाषा, संस्कृति तथा रहनसहनमा रहेका साहित्यकारबीच साहित्य आदानप्रदान हुने अध्यक्ष न्यौपानले उल्लेख गरिन् ।

साहित्य, भाषा, तथा कलाको अहिलेको अवस्थाका बारेमा बहस हुने भएकाले साहित्यलाई अझ परिस्कृत र बलियो बनाउँदै लैजाने अपेक्षा महोत्सवबाट लिइएको उनको भनाइ छ । फागुन २० र २१ गते दुई दिनसम्म हुने महोत्सवमा देशका विभिन्न स्थानबाट ६० जनाभन्दा बढी साहित्यकार सहभागी हुने आयोजकले जनाएको छ ।

महोत्सवमा 'साहित्यमा राजनीति' विषयमाथि बहस, कविता, गीत, गजल, मुक्तक वाचन कार्यक्रम रहेको आयोजकले जनाएको छ । महोत्सवमा 'समकालीन कविताको मार्ग चित्र', 'मकवानपुरको साहित्यिक महक' विषयमाथि बहसको कार्यक्रम पनि रहेको जनाइएको छ ।

## पाँच देशका दुईसय बुलेट राइडर्स हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ पाँचवटा देशको दुईसय बुलेट राइडर्स पर्यटन प्रबर्द्धन गर्न हेटौंडा आएका छन् ।

हेटौंडा ईन्फिल्डर्स मकवानपुरको आयोजना शुक्रबार बाट सुरु भएको नेपाल राइडर्स मिट २०२२ अन्तर्गत् विभिन्न पाँच देशका बुलेट राइडर्स हेटौंडा आइपुगेका हुन् । हेटौंडाको पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले नेपाल राइडर्स मिट २०२२ को आयोजना गरिएको ईन्फिल्डर्स मकवानपुरका उपाध्यक्ष सरोज न्यौपानेले जानकारी दिए । उनको अनुसार शुक्रबारबाट ३ दिनसम्म हुने नेपाल राइडर्स मिट २०२२ मा नेपाल, भारत, भुटान, बङ्लादेश र श्रीलङ्काका दुईसय जना बुलेट राइडर्सको सहभागिता रहनेछ । कार्यक्रम हेटौंडा-१९ तपोवनमा शुक्रबार बिहान १० बजेबाट सुरु हुने उनले जानकारी दिए ।

## भुसको गोदाममा आगलागी हुँदा क्षति

हेटौंडा, १९ फागुन/ हेटौंडा-८ कमानेस्थित भुसको गोदाममा आगलागी भएको छ । कमानेको विकास टोलमा रहेको टीकाप्रसाद कडेंलको भुसको गोदाममा आगलागीहुँदा करिब चार करोडको क्षति भएको बताइएको छ । बुधबार राति साढे ११ बजेबाट लागेको आगोलाई मकवानपुर प्रहरी, बागमती प्रदेश बिपद व्यबस्थापन गुल्म, शसस्त्र प्रहरी बल १४ नम्बर गणका शुरक्षाकर्मी, पाँचवटा दमकल र जेसिबिको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

### सच्याइएको

मिति २०७८ फागुन १९ गते यस साझाकुरा राष्ट्रिय दैनिकको चौथो पृष्ठमा प्रकाशित शिक्षक आवश्यकता सूचनामा शिक्षकको योग्यता +२ उत्तीर्ण हुनुपर्नेमा अन्यथा भएकोमा सच्याइएको छ ।

अन्य जानकारीको लागि
**श्री कालिका आधारभूत विद्यालय**
हेटौंडा-१, नकौली
९८४५१०५१७१ (नि.प्र.अ.), वि.व्य.स.अ. ९८४५४८५०८९

**डबल ब्ल्याक खाजा**

स्वादिष्ट परिकारहरू:
☞बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞बफ सुकुटी र छोयला
☞हल्का पेय पदार्थ
☞भेज चाउमिन



ओपाज
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## आजबाट मानव अधिकार रक्षक सम्बन्धी प्रादेशिक सम्मेलनहुँदै

हेटौंडा, १९ फागुन/ राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेशको आयोजनामा आज शुक्रबारबाट हेटौंडामा मानव अधिकार रक्षक सम्बन्धी दुई दिने प्रादेशिक सम्मेलन हुँदैछ ।

नेपालको ७ वटै प्रदेशमा आज शुक्रबार र भोलि शनिबार एकैपटक मानव अधिकार रक्षकसम्बन्धी प्रादेशिक सम्मेलन हुन लागेको हो । बिहीबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै आयोगले पहिलोपटक देशको ७ वटै प्रदेशमा प्रादेशिक सम्मेलन हुन लागेको जनाएको छ ।

मानव अधिकार आयोग बागमती प्रदेशका प्रमुख यज्ञप्रसाद अधिकारीले २०७४ सालको राष्ट्रिय सम्मेलनपछि पहिलोपटक प्रदेशमा सम्मेलन आयोजना गरिएको बताए । मानव अधिकार रक्षकका चुनौती र समस्याको बारेमा छलफल गरी एउटा घोषणापत्र तयार पारी सरकारलाई बुझाउने उनले जानकारी दिए । पत्रकार सम्मेलनमा आयोगका सदस्य तथा प्रादेशिक सम्मेलनका संयोजक लिली थापाले प्रादेशिक सम्मेलनमा ३० वटाभन्दा बढी मानव अधिकारका संघसंस्थाका प्रतिनिधि, पत्रकार महासंघका गरी एकसय ३० जनाको सहभागिता रहने जानकारी दिइन् ।

**हार्दिक बधाई तथा शुभकामना**





निर्माण व्यवसायी संघका कोषाध्यक्ष **श्री ईश्वर पाठक**ज्यु, नेपाली काँग्रेस मकवानपुरको अधिवेशनबाट जिल्ला सचिव पदमा निर्वाचित हुनुभएको र यस संघका तृतीया उपाध्यक्ष **श्री बुद्धिराम डिमडुङ** नेकपा एमालेको जिल्ला सदस्यमा निर्वाचित हुनुभएकोमा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्यामसुन्दर ढकाल (अध्यक्ष) एवम्
**निर्माण व्यवसायी संघ मकवानपुर**
हेटौंडा, मकवानपुर

### नवीकरणसम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस संघको साधारणसभा तथा निर्वाचन कार्यक्रम आगामी २०७८ चैत २५ र २६ गते हुने जानकारी गराउँदै संघअन्तर्गत्का सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७८/०७९ को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही चैत १५ गतेसम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा, सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीहरुलाई संघबाट दिइने सेवा सुविधाबाट वञ्चित गराउनुको साथै संघको विधानको आचारसंहिता बमोजिमसमेत हुने जानकारी गराइन्छ । निर्वाचन कार्यक्रममा पनि भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।


साथै, नयाँ फर्म दर्ता गर्दा लाग्ने शुल्कमा भारी छुट गरी मिति २०७८ चैत १५ गतेभित्र दर्ता गराएमा रु.१०,०००।- मात्र लिइने व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

श्यामसुन्दर ढकाल (अध्यक्ष) एवम्
**निर्माण व्यवसायी संघ मकवानपुर**
हेटौंडा, मकवानपुर

**कर्मचारी आवश्यकता**

**कम्पनीको नाम:** गार्डेन मार्ट डिपार्टमेन्ट स्टोर
**स्थान:** हेटौंडा-४, पारिजातपथ
**पद :** फ्लोर्स सेल्स एण्ड वायरहाउस किपर
**तलब :** फ्लोर सेल्सको लागि १२,५००।- प्रतिमहिना
**तलब :** वायरहाउस किपरको लागि १५,०००।- प्रतिमहिना
**योग्यता:** फ्लोर सेल्सको लागि +२ उत्तीर्ण
**योग्यता:** वायरहाउस किपरको लागि स्नातक उत्तीर्ण
**आवश्यक संख्या:** फ्लोर सेल्समा २ पुरुष/ २ महिला
**आवश्यक संख्या:** वायरहाउस किपरमा १ जना ।
**सम्पर्क मोबाइल नम्बर:**
०५७-५९०३७२/५९०३७०

**खुल्यो ! खुल्यो**



नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना